**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०२ जून २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले सिक्किम क्रान्तिकारी मोर्चा तथा मुख्यमन्त्रि प्रेम सिंह गोलेलाई सिक्किम विधानसभा चुनाव २०२४ मा उनीहरूको विजयको लागि बधाई दिनु भएको छ।

२. निर्वाचन आयोगले कांग्रेस नेता जयराम रमेशलाई लोकसभा चुनावको मतगणना अघि गृहमन्त्री अमित शाहले १५० जिल्ला मजिस्ट्रेटहरूलाई फोन गरेको आरोप बारे जानकारी दिन निर्देश दिएको छ।

३. निर्वाचन आयोगले आन्ध्र प्रदेश र पश्चिम बंगालमा मतगणना सकिएपछि १५ दिनको लागि सुरक्षा बल उपलब्ध गराइएको छ।

४. मौसम विभागले आगामी तीनदुचार दिन देशको सिक्किम लगायत पूर्वोत्तर क्षेत्रहरु अनि पश्चिम बङ्गालमा भारी वर्षा हुने जानकारी दिएको छ।

५. आज आकाशवाणी खरसांगको स्थापना दिवस हो। २ जून १९६२ मा आकाशवाणी खरसांगको स्थापना गरिएको हो।

**पी.एम बधाई**

प्रधानमन्त्री नरेन्द्र मोदीले सिक्किम क्रान्तिकारी मोर्चा तथा मुख्यमन्त्रि प्रेम सिंह गोलेलाई सिक्किम विधानसभा चुनाव २०२४ मा उनीहरूको विजयको लागि बधाई दिनु भएको छ। सामाजिक संजालमा एउटा पोस्टमा प्रधानमन्त्रीले आगामी दिनहरूमा सिक्किमको प्रगतिलाई अगाडि बढाउन राज्य सरकारसँग काम गर्न तत्पर रहेको बताउनु भयो। श्री मोदीले सिक्किमको विधानसभा चुनावमा भाजपालाई भोट गर्ने सबैलाई धन्यवाद दिनु भएको छ सामाजिक संजालको अर्को एउटा पोस्टमा उहाँले सबै भाजपा कार्यकर्ताहरूले गरेको प्रयासको पनि प्रशंसा गर्नु भएको छ।

****** ० ******

**सिक्किम**

अरुणाचल प्रदेश अनि सिक्किममा विधानसभा चुनावको मतगणनाको अधिक्तर परिणाम प्राप्त भइसकेको छ। हाल सम्म प्राप्त परिणाम अनुसार अरुणाचल प्रदेशमा भारतीय जनता पार्टीले सत्ता बनाइराख्ने छ। सिक्किममा भने सत्तारूढ़ सिक्किम क्रांतिकारी मोर्चाको एकतरफा जीत निश्चित भइसकेको छ। अरुणाचल प्रदेशमा ४५ सीटको परिणाम प्राप्त भइसकेको छ। ३४ वटा सिट भारतीय जनता पार्टीको पक्षमा रहेको छ भने पांच वटा सीट नेशनल पीपल्स पार्टी को पक्ष रहेको छ। पीपल्स पार्टी अहफ अरुणाचललाई दुइ, एनसीपीलाई एक अनि निर्दलीय उम्मेद्वारलाई तीनवटा सीट प्राप्त भएको छ। ६० सदस्यहरुको विधानसभामा भाजपाले १० सीट निर्विरोध जितेको छ। यसरी नै सिक्किममा सिक्किम क्रांतिकारी मोर्चाले ३१ सीटहरु जितेको छभने एउटा सीट सिक्किम डेमोक्रेटिक फ्रंटलाई प्राप्त भएको छ। सिक्किममा ३२ सीटहरुमा मतदान भएको थियो। पूर्वोत्तरका यी दुइ राज्यहरुमा विधानसभा अनि लोकसभा चुनावको लागि गत १९ अप्रैलको दिन मतदान भएको थियो।

****** ० ******

**बिस्ट–गोले**

दार्जीलिंगका सांसद राजु बिस्टले दार्जिलिङ पहाड, तराई र डुअर्सका जनताको तर्फबाट सिक्किम विधानसभा चुनावमा जितको लागि मुख्य मन्त्रि पीएस गोले र एसकेएम पार्टीलाई हार्दिक बधाई दिनु भएको छद्य

****** ० ******

**ई.सी-जयराम रमेश**

निर्वाचन आयोगले कांग्रेस नेता जयराम रमेशलाई लोकसभा चुनावको मतगणना अघि गृहमन्त्री अमित शाहले १५० जिल्ला मजिस्ट्रेटहरूलाई फोन गरेको उहाँको आरोपको बारेमा विस्तृत जानकारी दिन निर्देश दिएको छ। आयोगले श्री रमेशलाई लेखेको पत्रमा आदर्श चुनाव आचारसंहिता लागू हुँदा सबै पदाधिकारीहरु आयोगमा डेपुटेशनमा रहेको र कुनै निर्देशन आएमा सोझै आयोगमा रिपोर्ट गर्ने स्पष्ट पारेको छ। आयोगले कुनै पनि जिल्ला अधिकारीले अनुचित प्रभावबारे जानकारी नदिएको बताएको छ। निर्वाचन आयोगले श्री रमेशले सार्वजनिक रूपमा दिएको यो बयानले शंका उत्पन्न भएकोले जनहितमा यसको समाधान गर्नुपर्ने बताएको छ। आयोगले श्री रमेशलाई आज साँझ ६ बजेभित्र यस सम्बन्धमा यथार्थ जानकारी दिन भनेको छ।

****** ० ******

**मुर्शिदाबाद**

मुर्शिदाबाद जिल्लाको रानी नगर पुलिस थाना अन्तर्गत पानीपिया पुराकानपाडा चौराहाको छेउमा हिजो राति बम फेला परेपछि इलाकामा हलचल मच्चिएको छ। पुलिस र स्थानीय सुत्र अनुसार मध्यरात पाएको सूचनाको आधारमा रानीनगर थानाको पुलिस टोलीले एकजना व्यक्तिको घर पछाडि खोजी गर्दा त्यहाँबाट बम भरेको झोला बरामद भएको हो। कुनै अप्रिय घटना नहोस् भनेर पुलिसले राति नै क्षेत्र घेराबन्दी गरेको थियो र बिहानै बम निष्क्रिय पारिएको थियो।

****** ० ******

**सन्देशखाली**

राज्यको उत्तर २४ परगना जिला अंतर्गत बशीरहाट लोकसभा क्षेत्रको संदेशखालीमा हिज मतदानको अवधि शुरू भएको अशांति लगातार जारी छ। आज सन्देशखालीका महिलाहरूले एकपल्ट फेरि पुलिस विरूद्ध प्रदर्शन गरे। आज केन्द्रीय बल अनि रयाफ्का जवानहरूको साथ पुलिसका एक टीमले सन्देशखालीका आगारहाटी मण्डलपाड़ा क्षेत्रका धेरै घरहरूमा तलाशी अभियान चलाए। यसै अवधि पुलिसले एक व्यक्तिलाई पक्रेर थाना लैजाने क्रममा आक्रोशित महिलाहरूले विरोध प्रदर्शन गर्दै त्यस व्यक्तिलाई पुलिसको हिरासतबाट खोसेर पुलिसलाई पछि हटनमा बाध्य गराए। क्षेत्रमा लगातार भइरहेको विरोध प्रदर्शनहरुको मध्यनजर संदेशखालीको धेरै क्षेत्रहरुमा आज बिहान देखि धारा १ सय ४४ जारी गरिएको छ। प्रशासन अनुसार, न्याजात पुलिस स्टेशन अन्तर्गत चार नंबर ग्राम पंचायतहरुका सरबेरिया, अगरहाटी, बोयरामारी समेत १७ जगहहरुमा धारा १ सय ४४ जारी गरिएको छ। यो आज बिहान छह बजे देखि मंगलवार बिहान छह बजे सम्म प्रभावी रहनेछ। उल्लेखनीय छ हिज शनिवार भएको मतदानको अवधि ग्रामीणहरुले विरोध प्रदर्शन गरेको थियो। स्थिति माथि नियंत्रण बनाइ राख्नको लागि पुलिसले आंसू गैस छोड्दा स्थिति अझ बिग्रिएर गएको बताइएको छ।

****** ० ******

**इभिएम**

भारतीय जनता पार्टीले लोकसभा चुनावको अन्तिम चरणमा डायमण्ड हार्बर, मथुरापुर, जयनगर र जादवपुरको धेरै बुथहरूमा मतदानमा अनियमितता भएको आरोप लगाएको छ। बीजेपीको आईटी सेल इन्चार्ज अमित मालवीयले आज सामाजिक संजालमा एउटा पोस्ट मार्फत इभीएम बटनमा टेप टाँसिएको तस्वीर साझा गर्नु भएको छ। श्री मालवीयले पोस्ट गर्नु भएको तस्वीर बज बज विधानसभा सिटको एउटा बुथको हो। तृणमूलको पक्षमा नक्कली भोट हाल्न सकोस् भनेर धेरै सी सी टि वी क्यामेराहरू निष्क्रिय पारिएको भाजपाले आरोप लगाएको छ।

****** ० ******

**केन्द्रीय सुरक्षा बल**

निर्वाचनपछि कुनै पनि किसिमको हिंसा हुन नदिनको लागि निर्वाचन आयोगले राज्यहरूलाई केन्द्रीय सुरक्षा बल उपलब्ध गराएको छ। आयोगले राज्य र केन्द्र पर्यवेक्षकको मूल्याङ्कनको आधारमा यस्तो निर्णय गरेको हो। आन्ध्र प्रदेश र पश्चिम बंगालमा मतगणना सकिएपछि १५ दिनको लागि सुरक्षा बल उपलब्ध गराइएको छ। उत्तर प्रदेश, ओडिशा, सिक्किम र अरुणाचल प्रदेशमा मतगणना पछि दुई दिनसम्म सुरक्षा बल तैनाथ हुनेछन्।

****** ० ******

**निर्वाचन आयोग**

निर्वाचन आयोगले मतदानलाई सफल बनाउन मतदाताहरु, राजनीतिक दल र सहभागी सबैमा हार्दिक आभार प्रकट गरेको छ। मुख्य निर्वाचन आयुक्त राजीव कुमार र निर्वाचन आयोग आयुक्तहरू ज्ञानेश कुमार र डा. सुखवीर सिंह सन्धुले मतदाताहरूले धेरै चुनौती र दुविधाहरू पार गर्दै मतदान केन्द्रमा पुगेकोमा आभार प्रकट गर्नु भएको छ। आयोगले लोकतान्त्रिक अभ्यासमा व्यापक सहभागिताले भारतको लोकतान्त्रिक नैतिकता र भावनालाई पुनरू पुष्टि गरेको बताएको छ। आयोगले भनेको छ एक सय वर्ष पुगेका तथा वृद्ध व्यक्तिहरु, अपाङ्गता भएका व्यक्ति र तेस्रोलिङ्गीहरूले दिएको भोटको महत्त्व धेरैको लागि विशेष गरी युवाहरूका लागि प्रेरणा हो जसले लोकतन्त्रलाई अझ अगाडि बढाउनेछ।

****** ० ******

**पक्राउ**

रामकृष्ण मिशन मामिलाका भगौड़ा मुख्य आरोपी प्रदीप रायलाई सिलगढ़ी मेट्रोपोलिटन पुलिसको स्पेशल अपरेशन ग्रुप (एसओजी)-ले भक्ति नगर थाना पुलिसको सहयोगमा पक्राउ गरेको छ। पुलिस टीमले घटना घटेको १२ दिनपछि गए शनिवार राती प्रदीपलाई सिलगढ़ी जंक्शनबाट पक्राउ गऱ्यो जतिबेला उसले शहरदेखि भाग्ने प्रयास गरिरहेको थियो। उल्लेखनीय छ, सालुगढ़ास्थित रामकृष्ण मिशनको जमीन कब्जा गर्नको लागि गत १६ मईको दिन भू-माफिया प्रदीप रायले आफ्ना सहयोगीहरूसित मिलेर मिशनमाथि आक्रमण गरेको थियो। यस अवधि प्रदीप रायका सहयोगीहरूले बन्दुक देखाउँदै मिशनका सुरक्षा गार्डमाथि हातपात गरी सन्तहरूलाई ठाउँ खाली गर्ने धम्की दिएका थिए। त्यसपछि रामकृष्ण मिशनद्वारा भक्ति नगर थानामा एक लिखित सिकायत दर्ता गराइएको थियो।

****** ० ******

**मौसम**

मौसम विभागले आगामी तीनदृचार दिन देशको सिक्किम लगायत पूर्वोत्तर क्षेत्रहरु अनि पश्चिम बङ्गालमा भारी वर्षा हुने जानकारी दिएको छ।

****** ० ******

**फाउण्डेशन डे**

आज आकाशवाणी खरसांगको स्थापना दिवस हो। स्मरण रहोस २ जून १९६२ मा आकाशवाणी खरसांगको स्थापना गरिएको थियो। आफ्नो स्थापना काल देखिनै नेपाली भाषाको विकास, नेपाली जगतको कला-संस्कृतिको विकास, साहित्यकार, संगीतकार र अन्य विधाका व्यक्तिहरूलाई समाजव्यापी मुख्य प्रदान गर्दै नेपाली जगतको मनोरंजनदेखि समाचार प्रसारणमा खरसांग रेडियोको भूमिका अतूलनीय रहेको छ।

****** ० ******

************